नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं, नेपाल

पत्र संख्या:-
च.नं.

# प्रेस विज्ञप्ति

नेपाल प्राकृतिक, सांस्कृतिक एवम् पर्यटकीय दृष्टिले विश्वमै आकर्षक मुलुकको रुपमा रहेको छ। पर्यटन क्षेत्रको माध्यमद्वारा वैदेशिक मुद्रा आर्जन, रोजगारी सिर्जना र गरिबी निवारण गर्ने राष्ट्रिय उद्देश्य हासिल हुने भएकोले नेपाल सरकारले यस क्षेत्रको विकासलाई उच्च प्राथमिकतामा राखेको छ।

नेपाल सरकारले सन् २०२३ मा नेपाल भ्रमण गर्ने पर्यटकको सङ्ख्या १० लाख पुर्याउने लक्ष्य राखेकोमा नेपाल सरकार, निजी क्षेत्र र पर्यटन क्षेत्रसँग सम्बन्धित सबै सरोकारवालाहरूको साझा प्रयत्नबाट सन् २०२३ मा नेपाल भ्रमण गर्ने पर्यटकको सङ्ख्या १० लाख १४ हजार ८ सय ७१ पुगेको छ। कोभिड १९ को महामारी पछि लक्ष्य अनुसार पर्यटक आगमन हुनु नेपालको पर्यटनको विकास र प्रवर्धनमा महत्वपूर्ण उपलब्धि रहेको छ। नेपालमा पर्यटकको सङ्ख्या वृद्धि हुनुमा नेपालस्थित विदेशी कूटनीतिक नियोगहरूको समेत महत्वपूर्ण योगदान र भूमिका रहेको छ।

माननीय मन्त्री सुदन किरातीले नयाँ वर्ष सन् २०२४ को अवसरमा नेपालस्थित विदेशी राजदुत तथा कूटनीतिक नियोगका प्रमुखहरुलाई शुभकामना दिनुहुँदै नेपालको पर्यटन प्रवर्धनमा पुर्याएको महत्वपूर्ण योगदान र भूमिकाको लागि धन्यवाद ज्ञापन गर्नु भएको छ। साथै, नेपाल सरकारले घोषणा गरेको "नेपाल भ्रमण दशक २०२३-२०३२" मा नेपाल भ्रमण गर्ने पर्यटकको सङ्ख्या ३५ लाख पुर्याउने लक्ष्य हासिल गर्न माननीय मन्त्रीज्यूले नेपालस्थित सबै विदेशी कूटनीतिक नियोगका प्रमुखहरुलाई आफ्ना मुलुकका नागरिकलाई नेपाल भ्रमणका लागि प्रोत्साहन गर्न तथा नेपालको पर्यटन प्रवर्धन गर्न सकारात्मक सहयोग र भूमिकाको अपेक्षासहित पत्राचार गर्नु भएको छ।

विक्रम संवत्: २०८०/०९/१७ गते मङ्गलबार
नेपाल संवत्: ११४४ थिंल्लागा ६ मङ्गलबार

हेमराज तामाङ
हेमराज तामाङ
सहसचिव/प्रवक्ता